# भूलसुधार

खण्ड ४१ मिति २०४८।९।८ अतिरिक्ताङ्क ५७ (च) को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना, "विभूषण नियमावली, २०४८" मा देहाय-बमोजिमको भूलसुधार गरिएको छ ।

१. नियम १५ को उपनियम (२) मा "नियम १८" हुन पर्नेमा "नियम १७" हुन गएको ।

२. नियम ७७ को उपनियम (१) को दोस्रो हरफमा रहेको स्वल्पाकार भन्ने शब्द पछि "र" भन्ने अक्षर छूट हुन गएको ।

३. नियम ८१ को प्रतिवन्धात्मक वाक्यांशको खण्ड (ग) मा "विदेशी" हुनु पर्नेमा "विदेश" हुन गएको ।

४. परिशिष्ट एकको अनुसूची ३ को खण्ड (ख) को (४) मा "दायाँ" भन्ने शब्द हुनु पर्नेमा "वायां" भन्ने शब्द हुन गएको ।

५. परिशिष्ट एकको अनुसूची ५ को खण्ड (क) को (३) मा "चौकोण" भन्ने शब्द हुनु पर्नेमा "चौकोषा" भन्ने शब्द हुन गएको ।

६. परिशिष्ट एकको अनुसूची ८ को खण्ड (क) को (३) मा "बाहिर" भन्ने शब्द हुनु पर्नेमा "बाहिरी" भन्ने शब्द हुन गएको ।

७. परिशिष्ट दुईको अनुसूची २ को खण्ड (ग) मा "पद्म" भन्ने शब्द हुनु पर्नेमा "पद्य" भन्ने शब्द हुन गएको ।

८. परिशिष्ट तीनको अनुसूची २ को (१) मा "तामाको" भन्ने शब्द हुनु पर्नेमा "तामो" भन्ने शब्द हुन गएको ।

९. परिशिष्ट तीनको अनुसूची ७ को (१) मा रहेको "खड्गहरूको" भन्ने शब्द पछि "बीँड" भन्ने शब्द छूट हुन गएको ।

१०. परिशिष्ट चारको अनुसूची ८ को (१) मा "ब्योमकेशयुक्त" भन्ने शब्द हुनुपर्नेमा "ब्योमको" भन्ने शब्द हुन गएको ।

११. परिशिष्ट पाँचको अनुसूची ३ को खण्ड (झ) को (१) मा ३.८ हुनु पर्नेमा २.८ हुन गएको ।

१२. परिशिष्ट आठको "द्रष्टव्य" शीर्षकको खण्ड (ख) मा "शाही नेपाली सेना" हुनु पर्नेमा "शाही नेपाली सेवा" हुन गएको ।

गृह मन्त्रालय ।



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६८